सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८०/०८१

च.नं: २०९२

मिति:२०८१।०२।१८

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०२।१४ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१।२।१८

...........................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np
Email sarumarani2073@gmail.com

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको ३९ औं बैठकका प्रस्तावहरु

मिति २०८१।०२।१४ गते

१. गत बैठकको प्रगति समिक्षा सम्वन्धमा ।

२. शसर्त अनुदान तर्फका कार्यक्रमहरुको प्रगती समिक्षा सम्वन्धमा ।

३. साझा सुविधा केन्द्र भवन निर्माण सम्वन्धमा ।

४. योजना तर्जुमाको कार्यतालिका सम्वन्धमा ।

५. विभिन्न समितिहरुको पुनर्गठन सम्बन्धमा ।

६. कार्यविधि स्वीकृत सम्वन्धमा ।

७. आर्थिक सहायता सम्वन्धमा ।

८. कार्ययोजना कार्यान्वयन समिति गठन सम्वन्धमा ।

९. विविध सम्वन्धमा ।

- हप्किडो प्रशिक्षक सम्वन्धमा ।
- कार्यक्रम संशोधन सम्वन्धमा ।
- वन प्राविधिक सम्वन्धमा ।
- श्रदान्जली सम्बन्धमा ।

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-३९**

**गाउँकार्यपालिकाको ३९ औं बैठकका निर्णयहरु-२०८१।०२।१४ गते**

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।१।३० गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन रहेको पाईयो ।

**निर्णय नं. २. शसर्त अनुदान तर्फका कार्यक्रमहरुको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको चालू आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान शिर्षकका कार्यक्रम मध्ये शिक्षा तर्फका कार्यक्रमको कार्यान्वयन अवस्था बाकी कार्यक्रम कार्यान्वयनको विषयमा छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. ३ साझा सुविधा केन्द्रको कोठा/भवन निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालू आ.ब. २०८०।०८१ को गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालनको लागि साझा-सुविधा केन्द्रको भवन उद्यमी समूहको माग अनुसार वडा नं. ४ बङ्गडाको वडा कार्यालय परिसर छनौट गर्ने र निर्माण कार्य कोटेशन विधिवाट गर्ने निर्णय गरियो। साथै नयाँ उद्यमी सिर्जना कार्यक्रम वडा नं. १ र स्तरउन्नोति कार्यक्रम ४ मा संचालन भएको जानकारी भयो ।

**निर्णय न. ४ आ.ब. २०८१/०८२ को योजना तर्जुमाको कार्यतालिका सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को लागि वार्षिक योजना तर्जुमा गर्नु पर्ने भएकोले सोको लागी तत्काल तपशिलका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

**बार्षिक योजना तथा बजेट तर्जुमाको कार्यतालिका २०८१**

| सि.न. | क्रियाकलापको नाम | मिति र समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | स्रोत अनुमान समितिको बैठक र बजेट सिलिङ्ग तथा मार्गदर्शन निर्धारण | २०८१ जेष्ठ १६ गते | अध्यक्ष र प्रमुख प्र.अ. | |
| २ | राजश्व परामर्श सम्वन्धि छलफल कार्यक्रम | २०८१ जेष्ठ १७ गते | अध्यक्ष,उपाध्यक्ष, प्रमुख प्र.अ. र समिति | |
| २ | राय सुझाव संकलन/पुर्व बजेट छलफल | २०८१ जेष्ठ २३ र २४ गते | अध्यक्ष,उपाध्यक्ष र प्रमुख प्र.अ. | |
| ३ | विषयगत समितिहरुको बैठक | २०८१ जेष्ठ २७-२९ | समितिका संयोजकहरु | |



सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गडाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | निति तथा कार्यक्रम लेखन | २०८१ जेष्ठ ३१-३२ | अध्यक्ष/प्र. प्र.अ. | |
| ५ | बजेट तर्जुमा समितिको बैठक | २०८१ असार ३ गते | संयोजक/प्र.प्र.अ. | |
| ६ | गाउँसभामा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत छलफल र स्वीकृत | २०८१ असार ५ गते | अध्यक्ष/कार्यपालिका | |
| ७ | बार्षिक बजेट वक्तव्य लेखन र कार्यक्रम तथा बजेटलाई अन्तिम रुप प्रदान | २०८१ असार ६ र ७ गते | अध्यक्ष/प्र. प्र.अ. | |
| ८ | कार्यपालिकाबाट बजेट स्वीकृत | २०८१ असार ८ गते | कार्यपालिका | |
| १० | गाउँसभामा बार्षिक बजेट प्रस्तुत | २०८१ असार १० गते | अध्यक्ष/उपाध्यक्ष | |

**निर्णय नं. ५ विभिन्न समितिहरुको पुनर्गठन समबन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाबाट मिति २०७९/४/६ गते गठन भएका निम्न समितिहरु तपशिल बमोजिम पुर्नगठन गर्ने निर्णय गरियो ।

क) युवा तथा खेलकुद विकास समिति

| | |
|---|---|
| भरत एम.सी. | -संयोजक वडा न. ४ |
| विजय वि.क. | -सहसंयोजक वडा न. १ |
| युवराज दर्लामी | -सदस्य वडा न. ५ |
| कमल सुनार | -सदस्य वडा न. ३ |
| नवराज भण्डारी | -सदस्य वडा न. २ |
| शिब वहादुर एम.सि | -सदस्य वडा न. ४ |
| अंक वहादुर ठेडीमगर | -सदस्य वडा न. ६ |

सदस्य सचिव..............................शिक्षा शाखा

ख) मुस्लिम उत्थान समितिः

| | |
|---|---|
| जितमान मियाँ | -संयोजक वडा न. १ |
| मर्सदिन मियाँ | -सहसंयोजक वडा न. ३ |
| हकित मियाँ | - सदस्य वडा न. ३ |
| विसुरन मियाँ | - सदस्य वडा न. १ |
| केतुँवन मिया | - सदस्य वडा न. १ |

सम्बन्धित शाखाको शाखा प्रमुख -सदस्य सचिव

**निर्णय नं. ६ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडडाँडा पाल्पा लुम्बिनी प्रदेश,नेपाल २०७२

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाका तपशिलका कार्यविधिहरु माथि छलफलको क्रममा आएका सुझावहरु समावेस गर्ने गरी स्वीकृति गरियो ।

तपशिल

क) रोजगार सम्बाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

ख) एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा सम्वन्धी कार्यविधि, २०८१

**निर्णय नं. ७ आर्थिक सहायता सम्वन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपशिल बमोजिका संस्था/व्यक्तिलाई आर्थिक सहायता भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिलः-

क) नेकपा एमाले प्यूठान-काठमान्डौ सम्पर्क मञ्चको मिति २०८१।१।२५ गतेको पत्र अनुसार मुखपत्र रातो फुलवारी, बर्ष २४, अंक २ मा प्रकाशित विज्ञापन वापत रु.१९०००/- भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ कार्ययोजना कार्यान्वयन समिति गठन सम्वन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय प्यूठानको मिति २०८१।०२।०३ च.न. ३१८४ को पत्र अनुसार महिला, शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोश्रो कार्ययोजना ( आ.व. २०७९/०८०-२०८१/०८२) को १२.५ मा कार्ययोजना कार्यान्वयन स्थानीय समितिको ब्यवस्था भए बमोजिम तपशिल बमोजिकको कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. श्री झग बहादुर विश्वकर्मा-गाउँपालिका अध्यक्ष | -संयोजक |
| २. श्री लक्ष्मण आचार्य प्रशासन शाखा प्रमूख | -सदस्य |
| ३. श्री अन्जु भाट-महिला तथा वालवालिका शाखा | -सदस्य |
| ४. श्री गन बहादुर गुरुङ्ग वडा नं. ५ द्धन्द प्रभावित ब्यक्ति | -सदस्य |
| ५. श्री गोपिलाल उपाध्यय वडा न. ४ नागरिक समाजको प्रतिनिधि | -सदस्य |
| ६. श्री यमराज खनाल अध्यक्ष-SORD नेपाल गै.स.स.को प्रतिनिधि | -सदस्य |
| ७. श्री देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

**निर्णय नं. ९ बिविध सम्बन्धमा ।**

- हप्किडो प्रशिक्षक सम्बन्धमा ।

यस गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत कार्यरत प्रशिक्षक प्यूठान नगरपालिका वडा नं. ४ निवासी श्री हिरा बहादुर सुनाले मिति २०८०।१२।३० दिएको राजिनामा

०८१।१।१ गते देखि लागु हुने गरी स्वीकृत गर्ने र निज प्रशिक्षकको सट्टा नौबहिनी गाउँपालिका वडा नं. ८ निवासी मानविर घर्तीमगरलाई मिति २०८१।०२।१६ देखि लागु हुने गरी प्रशिक्षक नियुक्त गर्ने निर्णय गरियो ।

- **कार्यक्रम संशोधन सम्बन्धमा ।**

  चालू आ.ब. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिलका योजना तथा कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

  तपशिल

| क्र.स. | स्वीकृत कार्यक्रम | स्वीकृत वजेट रु. | संशोधन कार्यक्रम | वजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | रेविज तथा टि.टि. खोप खरिद | १,५०,००० | प्रशुती सेवा प्रेषणका लागि एम्वुलेन्स यातायात सहायता कार्यक्रम | १,००,००० | |
| | | | गाउँघर/खोप क्लिनिक संचालन यातायात तथा व्यवस्थापन कार्यक्रम | ५,००० | |
| ३ | दरभान सामुदायिक स्वास्थ्य ईकाई संचालन खर्च | २०,००० | प्रशुती सेवाप्रदायकका लागि नाईट ड्यूटी प्रोत्साहन खर्च | २०,००० | |
| ४ | जोगिढुंगा सिचाईकुलो योजना निर्माण | १,००,००० | जोगिढुंगा वाध मर्मत वडा न.२ | १,००,००० | वडा नं.२ |

- **वन प्रविधिक सम्वन्धमा ।**

  यस गाउँपालिकाको समृद्धिका लागी वन कार्यक्रम कार्यान्वयनको लागि रिक्त पदमा २०८१।०१।२१ गतेको कार्यपालिकाको निर्णय अनुसार लोकसेवा आयोगको बैकल्पिक/अस्थायी सूचीबाट माग गरी कामकाज लगाउने निर्णय भएकोमा उक्त प्रकृयाबाट संभव नदेखिएको, विज्ञापन प्रकृयाबाट पदपूर्ति गर्दा भर्ना प्रकृया लामो हुने हुदाँ चालू आ.व.मा सम्पन्न गर्नु पर्ने कार्यक्रमहरु संचालन गर्न नसकिने भएकोले प्यूठान जिल्ला प्यूठान नगरपालिका वडा नं. ४ निवासी श्री मुस्कान गौतमलाई परामर्श सेवाबाट नियुक्ति गरी कामकाज गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

- **हार्दिक समवेदना सम्बन्धमा ।**

  यस गाउँपालिकाबाट गठित मुस्लिम उत्थान समितिका संयोजक श्री मो. ईस्माईल मियाँको मिति २०८१ बैसाख १२ गते असमाहिक निधन प्रति यस गाउँपालिका हार्दिक श्रदान्जली व्यक्त गर्दै शोकाकुल परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०८१/०२/१६